फोन नं. ०५५-५४०२००

# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## चन्द्रनिगाहपुर, रौतहट

मधेश प्रदेश, नेपाल ।

पत्र संख्या :-२०७९/०८०
चलानी नं. :-

### आ.व.२०७९/८० को लागि ढंगा,गिट्टी,ग्रावेल,बालुवा उत्खनन्,संकलन तथा निकासी कर उठाउने सम्वन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०८/०९

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान २०७२ को अनुसूची–८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११, उपदफा २ घ को (६) दफा ६४ उपदफा १(च) अनुसार चन्द्रपुर नगरपालिकाको तपसिलका नदीहरुको घाटहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE)मा व्यवस्था भए अनुसार निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट चन्द्रपुर नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी तपसिलमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आ.व. २०७९/८०को मिति २०७९।०९।१५ देखि २०८० जेठ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र तपसिलमा उल्लेखित कानूनी प्रकृया पुरा गरेका ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/०७९ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा को प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन चन्द्रपुर नगरपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहायका ठेक्का शिलबन्दी बोलपत्र मार्फत बन्दोवस्त गनुपर्ने भएकाले प्रथम पटकको लागि यो बोलपत्र आहृवानको सूचना सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि यस चन्द्रपुर नगरपापिलकाको वेवसाईट www.chandrapurmun.gov.np मा हेर्न सक्नु हुनेछ ।

तपशील

| सि.न | ठेक्का नं. | ठेक्काको विवरण | जम्मा उठाउन पाउने परिमाण | न्युनतम अंक (भ्याट वाहेक) | दर रेट | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | १५–२०७९/८० | ढुगां,गिट्टी,बालुवा, ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण ( बाग्मती नदि पौराइ दोभान देखि मंगलपुरसम्म) | २१८२९०४.४४ क्युफिट | १३०९७४२६.६४ (एक करोड तिस लाख सन्तान्नबे हजार चार सय छब्बीस रुपैया चौसठी पैसा)मात्र | प्रति क्यूफिट रु.६ | ५०००।- | कबोल अंकको पाच प्रतिशत |
| २ | १६–२०७९/८० | ढुगां,गिट्टी,बालुवा, ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण चाँदी नदि राजमार्ग उतर वडा नं. ४) | ११४६४५७.३३५ क्युफिट | ६८७८७४४.०१ ( अरसठी लाख अठहत्र हजार सात सय चौवालिस रुपैया एक पैसा मात्र) | प्रति क्यूफिट रु.६ | ३०००।- | कबोल अंकको पांच प्रतिशत |
| ३ | १७–२०७९/८० | ढुगां,गिट्टी,बालुवा, ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण (चाँदी नदि राजमार्ग दक्षिण वडा नं. ५,८,९) | १०२३०७५.५५ क्युफिट | ६१३८४५३.३० (एक्सठी लाख अरतिस हजार चार सय त्रिपन्न रुपैया तिस पैसा मात्र) | क्यूफिट रु.६ | ३०००।- | कबोल अंकको पांच प्रतिशत |

हरि लाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०५५-५४०२००

# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट

मधेश प्रदेश, नेपाल ।

नगर कार्यपालिकाको कार्यालय चन्द्रपुर नगरपालिका चन्द्रनिगाहपुर, रौतहट मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०७९/०८०
चलानी नं. :-

१. यो सूचना प्रकाशित भएको मितिले ३०(तिस) दिन मिति २०७९/०९/०९ गते कार्यालय समयभित्र निवेदन साथ नवीकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७८।०७९ सम्मको कर चुक्ता वा म्याद थपको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित राजस्व शाखाबाट बोलपत्र फारम खरिद गरी सक्नुपर्नेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन मिति २०७९/०९/१० गते दिनको १२:०० बजेभित्र बोलपत्र पत्र फारम साथ नवीकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बुझाएको नगदी रसिद सहितको बोलपत्र फारम भरी राजस्व शाखामा दर्ता गरी सक्नुपर्नेछ ।

३. बोलपत्र दर्ता गर्दा बोलपत्र पत्र जमानत (BID Security) धरौटी वापतको रकम स्वदेशी नागरिक भएमा बोल कवोल अंकको ५% र विदेशी नागरिक भए बोल कवोल अंकको १०% रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड चन्द्रनिगाहपुरमा रहेको धरौटी खाता नं. ग-३-०८१०३०००००३००००००००१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत सहित शिलबन्दी टेण्डर फारामसँग संलग्न गरी पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फाराम दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश : सो को भोलिपल्ट बोलपत्र फाराम दाखिला गर्ने र खोल्ने कार्य हुनेछ तर खरिद कार्य हुने छैन ।

५. रीतपूर्वक दर्ता हुन आएका गोप्य शिलवन्दी टेण्डर फारामहरु मिति २०७९/०९/१० गते दिनको २:०० बजे बोलपत्र दाता स्वयंम वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयमा दर्ता भएका सिलबन्दी बोल पत्र खोल्न बाधा पर्ने छैन ।

६. शिलवन्दी बोलपत्र फाराममा आफूले कवोल गरिएको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेखुपर्नेछ ।

७. बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

८. यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । यस सम्वन्धी बिस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

<u>सर्तहरु</u>

१. ठेक्का बन्दोबस्तको रकम २ किस्तामा बिभाजन गरी प्रथम किस्ता पुरै नगद रकम नेपाल बैंक लिमिटेड चन्द्रनिगाहपुरमा रहेको आन्तरिक राजस्व खाता नम्बर ०८१०३०००००१००१००००००१ मा जम्मा गरिएको सक्कलै बैंक भौचर र बाँकि १ किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क" बर्गको बैंकको बैंक जमानत (Performance Security Bond) पेश गरी सम्झौताको लागि उपस्थित हुनुपर्नेछ । ठेक्का बन्दोबस्त बापतको रकम स्वीकृत बोलपत्र दाताले सम्झौता गर्दाको बखत एक मुष्ठ बुझाएमा बोलकबोल अंकको १०% छुट दिन सकिनेछ ।

२. बन्द हडताल लगायत स्थानीय बासीहरुले ठेक्का चलन गर्न नदिएको वा अबरोध गरेको वा अन्य ब्यबधानहरु समेतको व्यबस्था गर्ने जिम्मेवारी बोलपत्रदाता स्वयमको हुनेछ । त्यस बापत यस कार्यालयमा कुनै पनि क्षतिपूर्ति तथा मिनाहा दावी गर्न पाइने छैन ।

३. सकार गरेको बोल कबोल अंकको १३% प्रतिशत मु.अ.कर समेत लाग्नेछ सो रकम ठेकेदार स्वंले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ।

हरि लाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

४. ठेक्काको अवधि सम्झौता गरेको मिति देखि २०८० जेठ मसान्तसम्म मात्र हुनेछ तर उक्त अवधिभन्दा पहिले IEE मा तोकिएको र सूचनामा प्रकाशित भएको परिमाण अनुसार ढुङ्गा, गिट्टी तथा बालुवा निकासी भएमा स्वतः म्याद समाप्त हुनेछ ।

५. शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरी २/२ प्रतिवाला रसिद ठेकेदार आफनै तर्फ बाट छपाई कार्यालयको प्रतिनिधीको प्रत्येक पानामा सही र कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ यस्तो रसिद ठेली एकपटकमा २० वटा भन्दा बढी हुने छैन लगेको ठेलीको ८० प्रतिशत ठेली र सोको हिसाब विवरण पेश गरेपछि मात्र नयां रसिद दिईनेछ ।

६. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने,आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षितरहनेछ । बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फ बाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । साथै रित नपुगी वा म्यादनाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. बोलपत्रदाताले अदालत,नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको नीति,निर्देशन,तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु बोलपत्र दाताको कर्तव्य एवम् दायित्व हुने छ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सो को क्षतिपूर्ति दावि ठेकेदारले नागरपालिका संग गर्न पाउने छैन ।

८. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बांकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गरिनेछ । अशुल गर्न बाकी रकममा १० प्रतिशत थप क्षतीपूर्ती समेत जोडी सरकारी बांकी सरह अशुल उपर गरिनेछ ।

९. ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकिएको उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । कर संकलन सम्बन्धि सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रमा राख्नुपर्ने छ ।

१०. बालुवा,ढुंगा,गिट्टी उठाउने सन्दर्भमा प्रदेश अनुगमन समिति,जिल्ला अनुगमन समिति तथा समन्वय समिति र चन्द्रपुर न.पा.बाट निर्देशन भए बमोजिम हुनेछ ।

११. कर, दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून वमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

१२. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१३. यस नगरपालिकाका नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दभर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था, नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन एवं नेपाल सरकारवाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन ।

१४. यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, कार्यपालिका तथा नगर सभाका निर्णयहरु यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् । साथै नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१५. खोलाको पुल,मल्भर्ट,कज्वे सडक बाटो कुलो तथा सार्वजनिक निर्माण स्थलबाट तल माथि ५०० मिटर भित्र ढुंगा,गिटी,वालुवा आदि निकाल्न पाईने छैन ।

१६. नदि,खोला, बगर एवं सार्वजनिक आवागमनमा वाधा हुने गरि संकलित सामान जम्मा गर्न पाईने छैन ।

१७. कामदारहरुका लागि प्राथमिक उपचार, माक्स, हेल्मेट आदिको व्यवस्थापन साथै कामदारको आवश्यक बीमा गराउने कार्य स्वयं संस्था/फर्म/कम्पनीले नै गर्नु पर्ने छ ।

हरि लाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०५५-५४०२००

# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट

मधेश प्रदेश, नेपाल ।

पत्र संख्या :-२०७९/०८०

चलानी नं. :-

१८. बोलपत्र सम्बन्धि दररेट ,अन्य शर्त तथा विस्तृत जानकारीका लागि कार्यालयको फोन नं. ९८५५०६१४११ वा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

१९. ढुंगा गिटी,वालुवा उठाउन हेविईक्युपमेण्टको प्रयोग गर्न पाईने छैन । यदि प्रयोग गर्नु पर्ने अवस्था भएमा नगरपालिकाबाट स्वीकृति लिनु पर्ने छ ।

२०. IEE ले तोके वमोजिमको मापदण्डमा गिटी,वालुवा ढुंगा उठाएको छ छैन सो को वडा स्तरीय अनुगमन समितिले अनुगमन गर्ने छ । मापदण्ड विपरित गिटी,वालुवा,ढुंगा उठाएको पाईएमा तत्काल कामबन्द गर्न लगाई नियमानुसार कारवाहि गरिने छ ।

२१. ठेक्का कवोल गर्ने व्यक्ति,फर्म,संस्था वा कम्पनीले थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्नेछ । यसरी संकलित रकम ठेकेदार आफैंले आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण नगरकार्यपालिकाको कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ । उक्त प्रमाण नगरकार्यपालिकाको कार्यालयलाई उपलव्ध नगराएमा नियमानुसार कारवाही अगाडि बढाईनेछ ।

२२. ठेकेदारले नेपाल सरकार तथा नगरकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरकार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

२३. ठेकेदारले सम्झौतापत्रमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ । सो भन्दा बढी मालवस्तु वा दररेटमा उठाउन पाईने छैन । पट्टापूर्जिमा तोकिएको दर तथा तोकिएको सामग्री भन्दा फरक हुनेगरी कर संकलन गरेमा नियमानुसार कारवाही गरिनेछ ।

२४. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

२५. अदालतको आदेश(फैशलावाट मिनाहा दिने सम्वन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन र सम्झौतामा तोकिएको समयमा किस्ता रकम बुझाउनुपर्ने ।

२६. ठेकेदारले नगरपालिकाको राजश्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व सकंलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र संकलन कार्य गराउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत